सेवा करार निर्देशिका
दफा ११ संग सम्वन्धित

**सेवा करार सम्झौता :**

नेपाल सरकार पशुपंक्षी विकास मन्त्रालय,पशु सेवा विभाग,क्षेत्रीय पशु सेवा निर्देशनालय,जिल्ला पशु सेवा कार्यालय,ओखलढुंगा (यस पछि पहिलो पक्ष भनिएको) र जिल्ला ओखलढुंगा गा.वि.स. टोक्सेल वार्ड न.७ निवासी वर्ष २१ को श्री कुन्ता देवी मगर (यस पछि दोश्रो पक्ष भनिए) को विच नायव पशु सेवा प्राविधिक रा.प.अन.द्वि.पा.पदमा कार्य गर्नका लागी देहायका शर्तको अधिनमा रहि दोश्रो पक्षले पहिलो पक्षलाई सेवा उपलव्ध गराउन मन्जुर भई यो सम्झौता गरि एक एक प्रति आपसमा बुझलियौ ।

शर्तहरु –

१ जिल्ला पशु सेवा कार्यालय,ओखलढुंगा कार्यक्षेत्र अन्तर्गत तोकिएको गा.वि.स.हरु बाहेक अन्य सबै गा.वि.स. हरुको फिल्डमा रहि ना.प.से.प्रा / ना.प.स्वा.प्रा.पदले गर्नु पर्ने सम्पूर्ण कामकाज तथा कार्यालय प्रमुख वा आफुभन्दा माथिलो ओहदाका पदाधिकारी हरुले लाय अह्राएका कार्यहरु दोश्रो पक्षले गर्नुपर्ने छ ।

२ सार्वजनिक विदा बाहेक जुनसुकै समयमा काम गर्नु पर्ने छ र पहिलो पक्षले लगाएको काम गर्न दोश्रो पक्षले नकार्न पाउने छैन साथै यो करार सम्झौता मिति :२०७३/०४/०१ गते देखी लागु भई २०७४ असाढ मसान्त सम्म मात्र कायम रहने छ ।

३ दोश्रो पक्षले यो सम्झौता बमोजिम काम गरे बापत मासिक रु.१७,७३०। (सत्र हजार सात सय तिस) मात्र बजेटमा व्यवस्था भए बमोजिम पारिश्रमिक पाइने छ ।

४ कार्यालयले कार्यक्षेत्रमा काम काज गर्न खटाउदा स्थायी कर्मचारीहरुले पाउने जस्ता फिल्ड भत्ता,भ्रमण भत्ता तथा अन्य भत्ताहरु दोश्रो पक्षले पाउने छैन ।

५ दोश्रो पक्षले नि.से.ऐन.तथा नियमावलीमा उल्लेख गरिएका आचरण सम्वन्धि कुराहरुको पुर्ण रुपमा पालना गर्नु पर्ने छ ।

६ पहिलो पक्षले दोश्रो पक्षलाई नेपाल सरकारले निजामती सेवाका कर्मचारीहरुलाई दिएको सार्वजनिक विदा बाहेक अन्य कुनै पनि किसिमको विदा सुविधा उपलव्ध गराउने छैन ।

७.पहिलो पक्षले दोश्रो पक्षलाई दिने पारिश्रामिक रकम मासिक/चौमासिक वा आर्थिक वर्षको अन्तिममा नगदै भुक्तानी गर्ने छ ।

८ दोश्रो पक्षले कामको सिलसिलामा पहिलो पक्षको कुनै चल अचल सम्पती हिनामिना गरेका वा हानीनोक्सानी गरेमा सो को क्षतीपुर्ति वा हानीनोक्सानीको बिगो दोश्रो पक्षले पहिलो पक्षलाई दिनुपर्ने छ ।

९ पहिलो पक्षले लगाएको कार्य दोश्रो पक्षले सन्तोषजनक रुपमा नगरेमा आचरण सम्वन्धि कुराहरु उलंघन गरेमा वा शारिरिक रुपमा अस्वास्थ्य भई कार्य गर्न नसकेमा पहिलो पक्षले दोश्रो पक्षलाई चेतावनी दिई यो सम्झौता अवधि अगावै तोडन सकिन्छ वा सन्तोषजनक काम गरेको नपाईएमा जुनसुकै वेला सेवा बाट हटाईनेछ ।

१०.दोश्रो पक्षले पहिलो पक्षको गोप्य कुरा वा कागजात कुनै अनधिकृत व्यक्ति वा प्रेसलाई उपलब्ध गराईएको प्रमाणित भएमा यो करार सम्झौता तत्काल भंग गरि सो बाट भएको हानीनोक्सानीको क्षति पूर्ती दोश्रो पक्षले पहिलो पक्षलाई दिनु पर्नेछ ।

११.करार सम्झौतामा उल्लेख गरिएको भन्दा वढी रकम दोश्रो पक्षले दावी गर्न पाउने छैन ।

१२.पहिलो पक्षले दोश्रो पक्षलाई कर्मचारीको रुपमा परिचयपत्र उपलब्ध गराउने छ तर करार अवधि भरको लागी मात्र ।

१३.सम्झौता भंग गर्न चाहेमा पहिलो पक्षले १५ दिन अगाडी दोश्रो पक्षलाई जानकारी दिनुपर्नेछ र दाश्रो पक्षले १४. दिन अगाडी निवेदन दिनुपर्नेछ ।

१५.पहिलो पक्षले प्रदान गरेको कार्य विवरण अनुसार दोश्रो पक्षले नियमित रुपमा कार्य सम्पादन गर्नु पर्ने छ ।

Acharya 2073/04/16

पहिलो पक्षको तर्फ बाट हस्ताक्षर गर्ने
डा.रामचन्द्र आचार्य
(पशु चिकित्सक) नि. कार्यालय प्रमुख
जिल्ला पशु सेवा कार्यालय,ओखलढुंगा

Kunta

दोश्रो पक्षबाट हस्ताक्षर गर्ने
कुन्ता देवी मगर
टोक्सेल–७,ओखलढुंगा

Scanned with CamScanner